सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दार्चुला

फोन न.०९३-४२०४४७
इमेल:akcdarchula@gmail.com

सूचना नं: ११

## कृषि ज्ञान केन्द्र दार्चुलाको विभिन्न कार्यक्रम संचालनको लागि प्रस्ताव पेश गर्ने सम्बन्धि सूचना।।।

(प्रथम पटक सूचना प्रकाशित मितिः२०८२/१२/०९)

यस कृषि ज्ञान केन्द्र दार्चुलाको आ.व. २०८२/०८३ को बार्षिक स्वीकृत कार्यक्रम अनुसार तपसिलका कार्यक्रमहरु संचालन गर्नुपर्ने भएकोले कार्यक्रमको लागि तोकिएको न्युनतम मापदण्ड पुरा गरेका इच्छुक कृषि कार्यमा संलग्न कृषक, कृषक समूह/कृषि सहकारी/फर्म/कम्पनी/उद्यमीहरुले तोकिएको कागजात सहित यो सूचना प्रकाशन भएको मितिले २१ दिन भित्र (२०८२ चैत्र २९ गतेसम्म) यस कृषि ज्ञान केन्द्रमा वा सम्बन्धित स्थानीय तहको कृषि विकास शाखामा कार्यालय समयमा आवेदन/प्रस्ताव पेश गर्न हुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ । रितपूर्वक पेश नभएका/कागजात पुरा नभएका/म्याद भित्र नआएका प्रस्ताव उपर कुनै कारबाही हुने छैन ।

२०८२/१२/०९

बिक्रम चौधरी
बिक्रम चौधरी
कृषि प्रसार निर्देशक
कार्यालय प्रमुख

आवश्यक कागजातहरू :

१. रु. १० को टिकट टांस गरेको निवेदन र कार्यालयबाट तयार गरिएको अनुसूचि ५ अनुसारको निर्दिष्ट ढांचाको फारम ।
२. समूह/सहकारी/फर्मको हकमा दर्ता, नवीकरण, स्थाई लेखा नं., आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपि ।
३. कृषक समूह/सहकारीको हकमा कार्यक्रम माग गरेको निर्णयको प्रतिलिपि।
४. माग गरेको कार्यक्रमको व्यहोरा खुल्ने सम्बन्धित स्थानीय तह (वडा वा कृषि शाखा) को सिफारिस पत्र ।
५. व्यक्तिगत कृषकको हकमा नेपाली नागरिकताको प्रतिलिपि।
६. स्वघोषणा पत्र ।
७. कार्यक्रम संचालन गर्ने जग्गाको जग्गाधनिको लालपुर्जा वा आधिकारिकता खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।दुई वा २ भन्दा बढी कृषक लाभान्वित हुने समुह/सहकारी वा संस्थाको हकमा प्रत्येक कृषकको छुट्टाछुट्टै लालपुर्जा वा आधिकारिकता खुल्ने प्रमाण पत्रको प्रतिलिपि ।
८. सहकारीको हकमा लेखा परिक्षणको प्रतिवेदनको प्रतिलिपि ।
९. जग्गा भाडामा लिई कार्यक्रम संचालन गर्नेको हकमा कम्तिमा १५ वर्षको जग्गा करार सम्झौताको पत्र ।
१०. रु. १ लाख देखि रु. ५ लाख सम्म अनुदान प्राप्त हुन सक्ने कार्यक्रमको लागि आवेदकले रु. ३०० र रु. ५ लाख भन्दा माथिको अनुदान प्राप्त हुन सक्ने कार्यक्रमको लागि अनुदान माग गर्ने आवेदकले रु. १००० फिर्ता नहुने गरि आवेदन दस्तुर जम्मा गरेको सक्कलै भौचर (कार्यालय: कृषि ज्ञान केन्द्र दार्चुला, कार्यालय कोड नं. ३१२०१७३०१७, कार्यालय स्थायी लेखा नं. २०१३७६२६१ राजश्व शिर्षक नं. १४२२९, बैंक: राष्ट्रिय वाणिज्य बैंक) वा नगदी रसिद आवेदन साथ पेश गर्नु पर्नेछ ।

नोटः थप कुराको हकमा सुदूरपश्चिम प्रदेश कृषि तथा पशुपन्छी व्यवसाय प्रवर्दन नियमावली, २०७९ (पहिलो संशोधन २०८०), स्विकृत ऐन, नियमावली र कार्यविधिहरु तथा प्रचलित कानुन बमोजिम हुनेछ । उल्लेखित ऐन, नियमावली र कार्यविधिहरु हेर्न चाहेमा सुदुरपश्चिम प्रदेश भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय को वेवसाईटः www.molmac.sudurpashchim.gov.npबाट डाउनलोड गर्न सकिनेछ ।

सुदुरपश्चिम प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय
कृषि विकास निर्देशनालय
कृषि ज्ञान केन्द्र
दार्चुला

फोन नं.०९३-४२०४४७
इमेल:akcdarchula@gmail.com

सूचना नं: ११

## कार्यक्रमहरुः

| क्र.सं. | कार्यक्रमको नाम | कार्यक्रम सञ्चालन हुने स्थान | मापदण्ड | कार्यक्रम अन्तर्गतका क्रियाकलापहरु |
|---|---|---|---|---|
| | | कृषि विकास कार्यक्रमहरुः | | |
| १. | मकै भटमास प्रवर्धन कार्यक्रम | जिल्लाभरी | व्यक्तिगत कृषकको हकमा कम्तिमा २ रोपनी र अन्यको हकमा कम्तिमा १० रोपनी खेती गर्नु पर्ने | उत्पादन सामग्री तथा प्राविधिक सहयोग लगायत अन्य |
| २. | अलैची खेती परीक्षण सहित क्षेत्र विस्तार | जिल्लाभरी | कम्तिमा २ रोपनीमा खेती गर्नु पर्ने | बिभिन्न उत्पादन सामग्रीमा सहयोग लगायत अन्य |
| ३. | राष्ट्रिय फल सुन्तला प्रवर्द्धन कार्यक्रम | जिल्लाभरी | कम्तिमा ५ रोपनी क्षेत्रमा सुन्तला खेती गरी बगैचा स्थापना गर्नुपर्ने | बिभिन्न उत्पादन सामग्रीमा सहयोग लगायत अन्य |

( थप जानकारीकालागि मोबईल नम्बर ९८५८७८०४४७ मा सम्पर्क गरी थप जानकारी लिन सकिनेछ )

०८२/१२/०९

बिक्रम चौधरी
कृषि प्रसार निर्देशक
कार्यालय प्रमुख